# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) विराटनगर, नेपाल, असोज १५ गते, २०८३ साल (अतिरिक्ताङ्क २६

## भाग २

कोशी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

विराटनगर, नेपालको सूचना

## प्रदेश निजामती सेवा (प्रथम संशोधन) नियमावली, २०८३

प्रदेश निजामती सेवा नियमावली, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १३७ को अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले देहायका नियम बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमको नाम **"प्रदेश निजामती सेवा (पहिलो संशोधन) नियमावली, २०८३"** रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम २१ मा संशोधनः</u> प्रदेश निजामती सेवा नियमावली, २०८१ (यसपछि मूल नियमावली भनिएको) को नियम २१ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) नियम २० बमोजिम कर्मचारी माग सम्बन्धी विवरण प्राप्त भए पछि प्रदेश लोक सेवा आयोगले रिक्त पदहरूमध्ये ऐनको दफा ८ बमोजिम खुला प्रतियोगिता, अन्तर तह प्रतियोगिता, आन्तरिक अन्तर सेवा प्रतियोगिता, कार्यक्षमताको मूल्याङ्कन तथा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने पदपूर्तिको प्रतिशतको आधारमा पदसङ्ख्या निर्धारण गर्नेछ।"

३. <u>प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ३५ मा संशोधनः</u> मूल नियमावलीको नियम ३५ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) ऐनको दफा ८ बमोजिम खुला, अन्तर तह प्रतियोगिता तथा बढुवाद्वारा सिफारिस भएका कर्मचारीको शुरु पदस्थापना गर्दा ऐनको दफा १५ को उपदफा (१) र (२)

बमोजिम त्यस्ता कर्मचारीलाई रिक्त पदहरूको जानकारी गराई निजहरूको रुची तथा चाहनाको प्राथमिकताक्रम कायम गर्न लगाई सिफारिस योग्यताक्रम अनुसार रोजेको स्थानमा पदस्थापन गरिनेछ।"

४. <u>प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ५० मा संशोधनः</u> मूल नियमावलीको नियम ५० को सट्टा देहायको नियम ५० राखिएको छः-

"५०. <u>उमेरको हद नलाग्नेः</u> ऐनको दफा ८ को उपदफा (१) बमोजिम खुला प्रतियोगिता, अन्तर तह प्रतियोगिता, आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षामा उम्मेदवार हुने र कार्यक्षमताको मूल्याङ्कन तथा ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि उम्मेदवार हुन कर्मचारीलाई उमेरको हद लाग्ने छैन।"

५. <u>प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ५८ मा संशोधनः</u> मूल नियमावलीको नियम ५८ को,-

(१) उपनियम (६) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगको सचिव वा सम्बन्धित विभागीय प्रमुखले तोकेको अधिकृत -अध्यक्ष"

(२) उपनियम (७) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) सम्बन्धित मन्त्रालय, सचिवालय वा आयोगको सचिव -अध्यक्ष"

६. <u>प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ७५ मा संशोधनः</u> मूल नियमावलीको नियम ७५ को सट्टा देहायको नियम ७५ राखिएको छः-

"७५. <u>अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्ने सम्बन्धी व्यवस्थाः</u> (१) नियम २१ बमोजिम निर्धारित प्रतिशत अनुरुप अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्नु पर्ने पदहरूका लागि प्रदेश लोक सेवा आयोगले सम्बन्धित उम्मेदवारहरूको जानकारीको निमित्त विज्ञापन प्रकाशित गर्नु पर्नेछ। सो विज्ञापनमा पूर्ति हुने पदहरूको सङ्ख्या तथा विवरण, आवश्यक शैक्षिक योग्यता एवम् सेवा अवधि, निवेदनको अन्तिम मिति तथा दरखास्त बुझाउने स्थान समेत खुलाइएको हुनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रकाशित विज्ञापन अनुसार पूर्ति हुने पदभन्दा एक तह मुनिको पदमा ऐनको दफा ८ को उपदफा (२), (३), (४) र (५) बमोजिमको शैक्षिक योग्यता र अवधि पुगेका जुनसुकै प्रदेशको स्थानीय तहमा कार्यरत कर्मचारी उम्मेदवार हुन सक्नेछन्।"

७. <u>मूल नियमावलीको अनुसूची-३ मा संशोधनः</u> मूल नियमावलीको अनुसूची-३ को बुँदा नम्बर (ग) प्रदेश प्रशासन सेवाको विविध समूहको उपसमूह महलमा बुँदा नम्बर (ग) पछि देहायको उपसमूह (घ) थपिएको छः-

"(घ) सशस्त्र वन रक्षक"

८. <u>मूल नियमावलीको अनुसूची-४ मा संशोधनः</u> मूल नियमावलीको अनुसूची-४ को बुँदा नम्बर "(ग) प्रदेश प्रशासन सेवाका समूह तथा उपसमूहमा रहने तह र पद" भन्ने वाक्यांशको सट्टा अनुसूची-१ बमोजिमको "(ग) प्रदेश प्रशासन सेवाका समूह तथा उपसमूहमा रहने तह र पद" भन्ने वाक्यांश थपिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

# अनुसूची-१

## (नियम ८ सँग सम्बन्धित)

## (ग) प्रदेश प्रशासन सेवाका समूह तथा उपसमूहमा रहने तह र पद

| तह | (१) सामान्य प्रशासन समूह | (२) लेखा समूह | (३) राजस्व समूह | (४) विविध समूह | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | (क) तथ्याङ्क उपसमूह | (ख) महिला विकास उपसमूह | (ग) सूचना प्रविधि उपसमूह | (घ) सशस्त्र वन रक्षक |
| ११ | (क) सचिव | | | | | - | - |
| | (ख) निर्देशक | (ख) निर्देशक | (ख) निर्देशक | (ख) निर्देशक | (ख) निर्देशक | (ख) निर्देशक | - |
| १० | (क) वरिष्ठ उपसचिव | (क) प्रमुख लेखा नियन्त्रक | (क) वरिष्ठ उपसचिव (राजस्व) | (क) सहायक सचिव (तथ्याङ्क) | (क) सहायक सचिव (महिला विकास) | (क) सहायक सचिव (सूचना प्रविधि) | - |
| | - | (ख) वरिष्ठ उपसचिव (लेखा) | - | - | - | - | - |
| ९ | (क) उपसचिव | (क) लेखा नियन्त्रक | (क) उपसचिव (राजस्व) | (क) उपसचिव (तथ्याङ्क) | (क) उपसचिव (महिला विकास) | (क) सूचना प्रविधि उप निर्देशक | - |
| | - | (ख) उपसचिव (लेखा) | - | - | - | - | - |
| ८ | (क) वरिष्ठ शाखा अधिकृत | (क) वरिष्ठ लेखा अधिकृत | (क) वरिष्ठ शाखा अधिकृत | (क) प्रमुख तथ्याङ्क अधिकृत | (क) प्रमुख महिला विकास अधिकृत | (क) प्रमुख कम्प्युटर अधिकृत | - |
| | - | - | - | - | - | (ख) प्रमुख कम्प्युटर इन्जिनियर | - |
| ७ | (क) शाखा अधिकृत | (क) लेखा अधिकृत | (क) शाखा अधिकृत | (क) तथ्याङ्क अधिकृत | (क) महिला विकास अधिकृत | (क) कम्प्युटर अधिकृत | - |
| | - | - | - | - | - | (ख) कम्प्युटर इन्जिनियर | - |

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | (क) अधिकृत (प्रशासन) | (क) अधिकृत (लेखा) | (क) अधिकृत (राजस्व) | (क) अधिकृत (तथ्याङ्क) | (क) अधिकृत (महिला विकास) | (क) कम्प्युटर अधिकृत (छैटौं) | (क) वरिष्ठ जमदार |
| | - | - | - | - | - | (ख) अधिकृत (रेकर्डिङ) | - |
| | - | - | - | - | - | (ग) अधिकृत (माइक सञ्चालक) | - |
| | - | - | - | - | - | (घ) अधिकृत (भिडियो/फोटोग्राफर) | - |
| ५ | (क) नायब सुब्बा | (क) लेखापाल | (क) नायब सुब्बा | (क) तथ्याङ्क सहायक | (क) महिला विकास निरीक्षक | (क) कम्प्युटर अपरेटर | (क) जमदार |
| | - | - | - | - | - | (ख) रेकर्डिङ सहायक | - |
| | - | - | - | - | - | (ग) माइक सञ्चालक | - |
| | - | - | - | - | - | (घ) भिडियो/फोटोग्राफर | - |
| ४ | (क) खरिदार | (क) सहलेखापाल | - | - | (क) सहायक महिला विकास निरीक्षक | (क) सहायक कम्प्युटर अपरेटर | - |

स्वीकृत मितिः- २०८३/०६/१५

आज्ञाले,

राजु प्रसाद गुरागाई

प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- moial.koshi.gov.np**